# वराहपोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बाघखोरभन्ज्याङ, खोटाङ
१ नं. प्रदेश नेपाल

## रोजगार संयोजक पद करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सार्वजनिक सूचना ।

प्रकाशित मिति: २०७६।०९।०८

यस वराहपोखरी गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको लागि रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम रोजगार संयोजकको पद सेवा करारमा लिई पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक उमेद्वारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र मापदण्डको अनुसूची -१ बमोजिम रीतपूर्वक फाराम भरी वराहपोखरी गाउँपालिकाको कार्यालय बाघखोरभन्ज्याङ, खोटाङमा पेश गर्न हुन गाउँ कार्यपालिकाको मिति २०७६।०८।१७ गते बसेको बैठकको निर्णयानुसार अनुरोध छ ।

तपसिल

| क्र सं | विज्ञापन नं | पद | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | ०१।०७६।०७७ | रोजगार संयोजक (अधिकृत छैठौं सरह) | १ (एक) | |

१. **न्यूनतम योग्यता :**

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरकार नठहरिएको ।

२. **दरखास्त साथ पेश गर्नु पर्ने प्रतिलिपि** : शैक्षिक प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र, कार्य अनुभवको प्रमाण पत्र, अन्य आवश्यक कागजातहरु ।

३. **दरखास्त दस्तुर** : रु. १,०००।०० (एक हजार मात्र) यस कार्यालयको सनराइज बैंक वराहपोखरी, खोटाङमा रहेको सञ्चित कोष खाता नं. ०९४०६२०७०६७०३००१ मा दाखिला गरेको सक्कलै भौचर पेश गर्ने ।

४. **परीक्षाको किसिम** : रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा ८ र ९ मा तोकिए बमोजिम हुनेछ ।

५. **काम गर्नु पर्ने स्थान** : वराहपोखरी गाउँपालिकाको कार्यालय र सो अन्तरगतका वडाहरु ।

६. **सेवा शर्त र सुविधा** : उल्लेखित मापदण्डमा तोकिए बमोजिम हुनेछ ।

७. **परीक्षा मिति** : पछि तोकिनेछ ।

.................................

बसन्त न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत